**२०७४ साल चैत १ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ स्वीकृत गर्ने । उक्त नियमावली अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

२. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ स्वीकृत भई मन्त्रालयहरूको सङ्ख्या र नाम हेरफेर भएकोले नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई अर्को व्यवस्था नभएसम्म देहायबमोजिम कामकाज गर्न खटाउने –

| क्र.सं | नाम, थर | साविक पद र कार्यालय | कामकाज गर्न खटाएको पद र निकाय |
|---|---|---|---|
| १. | श्री गजेन्द्रकुमार ठाकुर | सचिव; खानेपानी तथा सहरी विकास मन्त्रालय (खानेपानी) | सचिव; खानेपानी मन्त्रालय |
| २. | श्री दिपेन्द्रनाथ शर्मा | सचिव; खानेपानी तथा सहरी विकास मन्त्रालय (सहरी विकास) | सचिव; सहरी विकास मन्त्रालय |
| ३. | श्री अनुपकुमार उपाध्याय | सचिव, जलस्रोत तथा ऊर्जा मन्त्रालय | सचिव; ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय |
| ४. | श्री मधुप्रसाद रेग्मी | सचिव; शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय (शिक्षा) | सचिव; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (शिक्षा) |
| ५. | डा. संजय शर्मा | सचिव; शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय (विज्ञान तथा प्रविधि) | सचिव; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (विज्ञान तथा प्रविधि) |
| ६. | श्री महेशप्रसाद दहाल | सचिव; शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय (युवा तथा खेलकुद) | सचिव; युवा तथा खेलकुद मन्त्रालय |
| ७. | श्री लक्ष्मणप्रसाद मैनाली | सचिव; श्रम, रोजगार, महिला, बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालय (श्रम, रोजगार) | सचिव; श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ८. | श्री डइन्द्रप्रसाद उपाध्याय | सचिव; श्रम, रोजगार, महिला, बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालय (महिला, बालबालिका तथा सामाजिक सुरक्षा) | सचिव; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**